# व्यावसायिक उखु खेती परियोजना प्राविधिक मापदण्ड तथा सञ्चालन विधि,२०८२

**प्रस्तावनाः**

मधेश प्रदेशको प्रमुख नगदे बालीको रुपमा उखु खेतीको व्यावसायिक विकास, विस्तार र प्रवर्धन गर्नका लागि संघिय सशर्त अनुदानको रकम प्रदेशबाट विनियोजन हुने गरी "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रिस्तरीय निर्णय) बाट तत्काल लागू हुने गरी यो सञ्चालन विधि स्वीकृत गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिको नाम **"व्यावसायिक उखु खेती परियोजना कार्यान्वयन प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२"** रहेको छ ।

(ख) यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा,

(क) **"आवेदक"** भन्नाले उखु खेती गर्ने कृषक/कृषि सहकारी/कृषक समूह/फार्मलाई सम्झनु पर्छ।

(ख) **"केन्द्र"** भन्नाले जिल्लास्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

(ग) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश स्थित कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(घ) **"लाभग्राही"** भन्नाले उखु बालीको उत्पादन तथा बजारीकरणको लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/ फार्मलाई सम्झनु पर्छ।

**३. उद्देश्यः** यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार देहाय बमोजिमको उद्देश्यहरु हुनेछ ।

(क) नँया प्रविधिहरुको प्रयोग मार्फत उखु बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरुको आयआर्जनामा वृद्धि गर्ने ।

(ख) उखु उत्पादन तथा बजारीकरणमा यान्त्रीकरण प्रवर्द्धन गरी उत्पादन लागत कम गर्ने ।

**४. प्रस्ताव आव्हानः** (१) सम्बन्धित जिल्लाको केन्द्रले व्यावसायिक उखु खेती परियोजना कार्यान्वयन सम्बन्धि कम्तिमा १५ (पन्ध्र) दिने दैनिक पत्रिकामा **अनुसूची-१** बमोजिम सूचना प्रकाशन गर्नेछ र आवेदकले **अनुसूची-२** बमोजिमको ढाँचामा आवेदनसँगै **अनुसूची-३** बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ।

डा. उमेश दाहाल
प्रदेश सचिव

(२) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त थप म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संकलन भएपनि कार्यक्रम सञ्चालन गर्न बाधा पुर्ने छैन।

जनकपुरधाम, धनुषा, नेपाल

**५. आवेदकको पूर्व योग्यताः** यस कार्यक्रममा सहभागी हुन देहाय बमोजिमका आवेदकहरुले आवेदन दिन सक्नेछन्।

(क) कृषकको हकमा कम्तिमा १० कठ्ठा उखु खेति गरिरहेको वा गर्न ईच्छुक किसान हुनुपर्ने,

(ख) उखु खेति गर्ने किसान भनि सम्बन्धित स्थानिय तहको सिफारिस,

(ग) कृषि समुह/सहकारीको हकमा कम्तिमा १५ बिघामा खेति गरेको हुनुपर्ने र समुह/सहकारी दर्ता भएको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

**६. प्रस्ताव मूल्याङ्कन समितिः** (१) पेश भएका आवेदन प्रस्तावहरुको मुल्याङ्कनका लागि देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहनेछः

| | | | |
|---|---|---|---|
| (क) | कृषि ज्ञान केन्द्रको प्रमुखले तोकेको अधिकृत | - | संयोजक |
| (ख) | कृषि विकास निर्देशनालय/ तालुक निकायले तोकेको प्रतिनिधी | - | सदस्य |
| (ग) | कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी | - | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको बढीमा दुई जना विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले प्रस्तावाहरुको **अनुसूची-४** बमोजिमको मूल्याङ्कन पश्चात् प्राप्ताङ्कको आधारमा आवेदकको योग्यता सहितको नामावली स्वीकृतिको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्दछ।

(४) कार्यक्रम सञ्चालन गर्ने निकायले छनौट सूची प्रकाशित गर्नेछ र सो को लिखित जानकारी निर्देशनालय र मन्त्रालयमा समेत दिनु पर्दछ।

**७. सञ्चालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरुः** व्यावसायिक उखु खेती परियोजना अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुने छन्।

(१) समन्व्यात्मक बैठक/गोष्ठीः मन्त्रालय वा निर्देशनालयले उखु खेती सम्बन्धी आइपरेका समस्या तथा चुनौती सम्बन्धी सरोकारवालाहरु सँग बैठक र गोष्ठी सञ्चालन गर्नेछ।

डा. उमेश ...
प्रदेश सचिव

(२) सरोकारवालाहरुलाई अभिमुखीकरणः कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा लाभग्राहीहरु तथा अन्य सरोकारवालाहरुलाई कार्यक्रम सञ्चालन बारे विस्तृत रुपमा जानकारी गराउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

(३) सिंचाई प्रणालीः स्यालो ट्यूबवेल/ईनार जस्ता साना सिंचाईलाई प्रोत्साहन गरिनेछ।

(४) यान्त्रिकरणः (क) उखु खेतिमा यान्त्रिकरण प्रवर्द्धनको लागि सहकारी संस्था संगको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एंव सञ्चालन गरिनेछ। सो कार्यको लागि बाली लगाउने कार्य देखि भण्डारण सम्म आवश्यक पर्ने मेशिनरी औजार उपकरणको सेटमा सहयोग उपलब्ध गराईनेछ। कष्टम हायरिङ्ग सेन्टरले **अनुसूची-५** बमोजिमका यन्त्र र अट्याचमेन्टहरु सेटमा उपलब्ध गराउनु पर्नेछ। यस्तो सेटहरु उपलब्ध गराउनु पूर्व तालुक निकायको सहमति लिनु पर्नेछ।

(ख) कृषकहरुको हकमा बीउ/सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर, आदि), पावर स्प्रेयर, खुट्टी व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु जस्तै एम.बी. पलाउ, ट्रेन्ज रिजर, बर्ड चिपर, बर्ड कटर, केन प्लान्टर मेसिनहरुमा सहयोग उपलब्ध गराइनेछ।

(५) घुसुवा बाली प्रवर्द्धनः उखु खेतीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तिमा १० कठ्ठामा सञ्चालन गरिने छ।घुसुवा बालीको लागि चाहिने बिउ, मल लगायत अन्य उत्पादन सामाग्री उपलब्ध गराउनु पर्नेछ। प्रदर्शन स्थलमा होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

(६) मन्त्रालय वा निर्देशनालयले राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रमलाई उखुका जातहरु विकास तथा प्रवर्द्धन गर्न पूर्वाधारमा सहयोग गर्न सकिनेछ।

(७) क्षमता अभिवृद्धिः उखुबालीमा संलग्न कृषकहरूको प्राविधिक क्षमता अभिवृद्धिका लागि देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछः

(क) उखुबाली उत्पादनमा संलग्न कृषकहरु लाई उखुबाली प्रवर्द्धन अन्तर्गत उत्पादन देखि बजारीकरण सम्मका विषयहरुमा तालिम प्रदान गरिनेछ ।

(ख) कृषक र अन्य सरोकारवालाहरुलाई उखुबाली सम्बन्धि जिल्ला भित्रै वा अन्तर जिल्ला अध्ययन तथा अवलोकन भ्रमणहरु गराईनेछ ।

डा. उमे...
प्रदेश सचिव

८. **अनुदानको अधिकतम सीमाः** यस कार्यक्रम अन्तर्गतको प्रस्ताव स्वीकृत गर्दा **"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६"** मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम हुनेछ।

९. **भुक्तानी व्यवस्थाः** लाभग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न गरि भुक्तानी माँग गरे पश्चात कार्यक्रम सञ्चालन गर्ने निकायले कार्य सम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीको बैंक खातामा वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानि दिनु पर्नेछ ।

१०. **अनुगमन तथा प्रतिवेदनः** (१) संचालित कार्यक्रमहरु उद्देश्य अनुरुप कार्य सम्पादन तथा उपलब्धी सम्बन्धमा मन्त्रालय, निर्देशनालय तथा केन्द्रले अनुगमन गर्न सक्नेछ ।

(२) केन्द्रले **अनुसूची-८** बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रगति प्रतिवेदन निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

११. **संशोधनः** मन्त्रालयले यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

डा. [illegible]
प्रदेश सचिव

## अनुसूची – १

### दफा ४ को उपदफा (१) सोसँग सम्बन्धित

### व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८...... /..../.....

**यस कृषि ज्ञान केन्द्र,** ........................... को चालु आ. व. ................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ........... दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सम्बन्धित स्थानीय निकायको सिफारिस,

२. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल र संलग्न कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि ,

३. समूह/सहकारी/फर्मको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। •एक वर्षभन्दा पुरानो अनुदानाग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

४. समूह/सहकारी/फर्मको हकमा संस्थाको कार्यक्रम सञ्चालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,

५. कार्यक्रमसँग सम्बन्धित आवश्यक अन्य कागजातहरु।

६. .......................................

डा. उमेश दाहाल
प्रदेश सचिव

## अनुसूची – २
### दफा ४ को उपदफा (१) सँग सम्बन्धीत
### व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि पेश गर्ने आवेदन

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

मितिः ..........................

श्रीमान् प्रमुखज्यू,

............................... ।

**विषय : कार्यक्रमको लागि आवेदन सम्बन्धमा**

प्रस्तुत विषयमा तँहा केन्द्रबाट मिति २०८..../..../.... मा सुचना भए अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको सञ्चालनका लागि यसैसाथ संलग्न आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

**संलग्न कागजातहरु**

१. आवेदक कृषकको हकमा नागरिकताको प्रतिलिपि।
२. सम्बन्धित स्थानिय निकायको सिफारिस,
३. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या,
४. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,
५. कार्यक्रमसँग सम्बन्धित आवश्यक अन्य कागजातहरु।
६. ............................................
७. ........................................
८. ............................................
९. ............................................

निवेदकको हस्ताक्षरः
नामः
संस्थाको नामः
ठेगानाः
मोबाईल नंः
मितिः
छापः

डा. उमेश दाहाल
प्रदेश सचिव

अनुसूची – ३

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

**प्रस्तावको विवरण**

१) लाभग्राहीको नाम : ............................................................................

जिल्लाः .................. न.पा./गा.पाः ............................ गाँउ/टोलः ........................

२) उखु बालीको विवरण

| क्र.सं. | जात | लगाएको क्षेत्रफल | लगाउने वा थप विस्तार क्षेत्रफल | लाभान्वित कृषक संख्या | उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| | | | | | | |

३) लाभाग्राहीले माग गर्ने क्रियाकलापहरु :

| क्र.स. | क्रियाकलापहरु | क्षमता | अनुमानित लागत | साझेदारी रकम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

४) लाभग्राहीले व्यहोर्ने लागत प्रतिशतः ..................................

५) अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः

...............................................................................................................................

...............................................................................................................................

..........

६) अन्य कुनै कुरा भए खुलाउने :

...............................................................................................................................

...............................................................................................................................

..........

.........................

अध्यक्षको हस्ताक्षर

नाम, थरः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मितिः

डा. उमेश दाहाल
प्रदेश सचिव

अनुसूची-८

दफा ६ को उपदफा (३) संग सम्बन्धित

प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु (समूहको हकमा)

| क्र.सं. | सूचकाङ्क आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | कार्यक्रमको लाभान्वित कृषक संख्या (१-२५ सम्म - ५ अङ्क, २६-५० सम्म - ७ अङ्क र सो भन्दा बढी भए १० अङ्क) | १० |
| २. | उखु खेति हुने क्षेत्रफल (१-३ बिघा सम्म- ५ अंक, ३ भन्दा माथि ७ बिघा सम्म - ७ अङ्क र सो भन्दा माथि - १० अङ्क) | २० |
| ३. | प्रस्तावित कार्यक्रमको प्राविधिक उपयुक्तता | १५ |
| ४. | जनशक्तिको अवस्था | ५ |

डा. उमेश [illegible]
प्रदेश सचिव

**अनुसूची - ५**

**दफा ७ को उपदफा (४) सँग सम्बन्धित**

**<u>कष्टम हायरिङ्ग सेन्टरबाट उपलब्ध गराउनु पर्ने यन्त्र र अट्याचमेन्ट सेटहरु</u>**

१. ट्रयाक्टर
२. सुगरकेन प्लान्टर
३. सुगरकेन सेट्स कटर
४. सुगरकेन ईन्टर कल्टिभेटर
५. एम.बि. प्लाउ
६. सुगरकेन ट्रेञ्चर
७. अर्थिङ्ग अप रिजर
८. रेटुन क्रप म्यानेजर
९. मोटर सञ्चालित सुगरकेन डिट्रेसर
१०. अन्य

*नोटः (माथिका उपकरणहरु सेटमै उपलब्ध गराउनु पर्नेछ। यस्तो सेटहरु उपलब्ध गराउनु पूर्व तालुक निकायको सहमति लिनु पर्नेछ।)*

डा. उमेश दाहाल
प्रदेश सचिव

## अनुसूची – ६

### प्रतिवद्धता पत्र

.......................................को मिति......................को सूचना अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । यस आ.व. भन्दाँ अगाडि यस कार्यक्रमको प्रकृतिसँग मिल्दोजुल्दो कार्यहरुको लागि अन्य कुनै पनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त गरेको छैन र यस कार्यक्रमबाट प्राप्त गर्ने अनुदान कार्यक्रमको उद्देश्य अनुसारको कार्यको लागि मात्र प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यस प्रतिवद्धता पत्रमा उल्लेखित व्यहोरा हरतरहले ठीक साँचो हो। झुठा ठहर भएमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

लाभग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं. :

| दायाँ | बायाँ |
|---|---|
| | |

डा. उमेश दाहाल
प्रदेश सचिव

## अनुसुची – ७

### सम्झौता-पत्र

श्री ....................., ......................... (यस पछि प्रथम पक्ष भनिने) र ......................... जिल्ला...................... पालिका वडा नं..... को श्री ...................... (यस पछि दोश्रो पक्ष भनिने) बीच सहकार्यमा आ.व. २०८..../..... को स्वीकृत व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको मधेश प्रदेशको ..........................जिल्ला.....................पालिकाको वडा नं...............मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रस्ताव तथा लागत ईष्टिमेट अनुसार कार्य गर्नु पर्दछ। सम्झौता बोजिमको कार्यक्रम मिति...............साल.................महिना..........गते सम्म सम्पन्न गरी आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष भुक्तानीको लागि पेश गर्नु पर्दछ ।

३. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार ................... कार्य गरेको हुनु पर्ने छ। यसरी कार्यक्रमको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ..................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्दछ ।

५. दोस्रो पक्षले व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको उत्पादन तथा बजारीकरणको लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरु यसै वर्ष सम्पन्न गर्नुपर्ने छ र प्रथम पक्षले यसमा आवश्यक सहजीकरण गर्नु पर्दछ।

६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नु पर्दछ ।

७. आयोजना समपन्न भई हस्तान्तरण भईसकेपछि सोको सम्बन्धित सम्पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिनेछ ।

९. दोश्रो पक्षद्वारा वदनियतपूर्ण तरिकाले जानीजानी वा अन्जानमा भए पनि नियमानुसार प्राप्त गरेको सरकारी अनुदान दुरुपयोग भएको ठहर भएमा प्रचलित कानुन बमोजिम दण्ड/सजाय भोग्नु पर्दछ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| कार्यालयको नाम र छापः | संस्थाको नाम र छापः |
| मितिः | मितिः |
| साक्षीहरु | साक्षीहरु |

*(नोटः- यो सम्झौतामा कार्यक्रम सञ्चालन गर्ने निकायले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।)*

डा. उमेश ... प्रदेश सचिव

अनुसूची – ७

कार्यालयले पठाउनु पर्ने कार्यसम्पन्न प्रगति प्रतिवेदन

| क.स. | सञ्चालित कार्यक्रमहरु | विनियोजित बजेट रु.हजारमा | खर्च रु.हजारमा | खर्च प्रतिशत | लाभान्वित संख्या | प्रतिफल |
|---|---|---|---|---|---|---|
| | सरोकारवालाहरुलाई अभिमुखीकरण | | | | | |
| | बीउ/सेट्स व्यवस्थापनः | | | | | |
| | सिंचाई प्रणालीः | | | | | |
| | यान्त्रिकरणः | | | | | |
| | क्षमता अभिवृद्धिः | | | | | |
| | किट व्यवस्थापन तथा रोग नियन्त्रणः | | | | | |
| | बजार व्यवस्थापन तथा ढुवानीः | | | | | |

डा. उमेश दाहाल
प्रदेश सचिव